जोन हल्ट । २०७३ । *असफल स्कूल* । अनु. शरच्चन्द्र वस्ती । काठमाडौँ : सिकाइ समूह ।

सन् १९६७ मा प्रकाशित द *अन्डर अचिभिङ् स्कूल*को नेपाली अनुवाद हो *असफल स्कूल* । तीन खण्डमा विभाजित यस पुस्तकमा जम्मा १६ अध्याय समावेश छन् । पहिला दुई खण्ड द *अन्डरअचिभिङ् स्कूल*बाट अनुवाद गरिएका हुन् भने अन्तिम खण्ड जोन हल्टकै अर्को पुस्तक *इनस्टेड अफ एजुकेशन*बाट अनुवाद गरिएको हो । केटाकेटीहरूले कसरी सिक्छन् ? एउटा स्कूल असफल हुनाका कारण के हुन् ? र, एउटा सफल स्कूल कस्तो हुनुपर्छ ? जस्ता प्रश्नको वरिपरि *असफल स्कूल* घुमेको छ । हुन त यो पुस्तक अमेरिकाको शिक्षाको सन्दर्भमा लेखिएको हो, तर यसमा भएका विषयवस्तु नेपाली शिक्षा क्षेत्रका लागि उत्तिकै सान्दर्भिक छन् किनकि आधुनिक नेपाली शिक्षा पनि पश्चिमा शैलीबाटै प्रभावित छ । स्कूलको सफलतालाई भौतिक पूर्वाधारको विकास, परीक्षाको नतिजा, शिक्षक र पाठ्यक्रमको कमजोरीसँग जोडेर हेर्ने प्रचलन नेपाली शिक्षा क्षेत्रमा पनि छ । शिक्षामा रहिआएको यस्तो प्रचलनलाई फरक ढाँचाले पनि हेर्न सकिन्छ भन्ने सन्देश यो पुस्तकले दिन्छ । यसले नेपाली शिक्षा क्षेत्रका विशेषज्ञ, नीति निर्माता, शिक्षक, अभिभावक तथा यसमा चासो राख्ने सबैलाई एउटा नयाँ दृष्टिकोण प्रदान गर्ने जमर्को गरेको छ ।

पुस्तकको सबैभन्दा लामो पहिलो खण्डमा नौ ओटा अध्याय छन्, जसमा केटाकेटीको सिकाइ प्रक्रिया तथा स्कूलले बालबालिकामाथि पारेको नकारात्मक प्रभावबारे चर्चा गरिएको छ । हल्टले सबैभन्दा पहिले वास्तविक सिकाइको चर्चा गरेका छन् । उनको विचारमा कुनै पनि व्यक्तिलाई आफ्नो लक्ष्य स्वयं तय गर्न सक्षम बनाउन सक्नु नै वास्तविक शिक्षा वा सिकाइ हो । यस्तो सिकाइ केटाकेटीको क्षमता विकास र बुझाइमा केन्द्रित हुन्छ, जहाँ हरेक कुराको विश्लेषण शब्द, सूत्र र तथ्यांकमा मात्र आधारित नभई व्यक्तिको अनुभव, सिकाइ, बुझाइ र ज्ञान अनुसार हुन्छ । “केटाकेटीका लागि स्कूल खराब ठाउँ” शीर्षकको अध्यायमा हल्टले स्कूलका नीतिनियमको आलोचना गरेका छन् । स्कूल असफल हुनुको कारण शिक्षक एकदमै धेरै बोल्नु, बालबालिकालाई सजाय र डर देखाउनु तथा विभिन्न

नियमले बाँधेर विद्यार्थीलाई बन्दी बनाउनु हो । शिक्षकले जति धेरै बोल्छन्, विद्यार्थीले त्यति नै कम सुन्छन् । यस्तो अवस्थामा उनीहरू सिक्नका लागि होइन, सजायबाट बच्नका लागि मात्र पढ्छन् र यस्तो वातावरणले सफलताको सट्टा असफलता बढाउँछ । त्यसै गरी "भाषाको सिकाइ" शीर्षकको अर्को अध्यायमा केटाकेटीहरू खुल्ला रूपमा आफ्नो विचार सुनाउन र लेख्न चाहने हुनाले उनीहरूका कुरालाई गम्भीरतापूर्वक सुनिदिनुपर्ने तथा वास्तविक जीवनमा आधारित ज्ञान सिकाउनु पर्नेमा लेखकले जोड दिएका छन् ।

पहिलो खण्डकै अर्को अध्याय "लिगलिगे दौड" मा उनले उच्च अंक ल्याउने विद्यार्थीलाई प्रोत्साहन र माया गरिने तथा फेल हुनेलाई भने सजाय दिइने प्रसंग उठाएका छन् । उनले स्कूललाई एउटा कारखाना र विद्यार्थीहरूलाई त्यहाँबाट उत्पादित वस्तुको रूपमा तुलना गरेका छन् । उनको तर्क छ कि स्कूल पढ्ने केटाकेटी बुद्धिमान, चलाख, क्षमतावान् बन्नुको साटो परीक्षामुखी भई शिक्षकलाई खुसी बनाउने, परीक्षामा सोध्ने प्रश्नको जवाफका लागि तयारी गर्ने र धेरैभन्दा धेरै नम्बर ल्याउने ध्याउन्नमा एक किसिमको लिगलिगे दौडमा फसेका छन् । राम्रो अंक ल्याउने विद्यार्थीलाई मात्र प्रवेश दिने कलेजको नियमले पनि धेरै विद्यार्थीमा दबाब र भेदभाव सिर्जना भएको उनको ठहर छ । हल्ट यस्तो लिगलिगे दौड सिर्जना गर्नुपर्ने कुनै कारण देख्दैनन्, बरु पालो-पालो भर्ना लिने चलन गरेमा यस्तो समस्या समाधान हुने तर्क गर्छन् ।

पहिलो खण्डको अन्तिम अध्याय "भविष्यका लागि शिक्षा" मा आजको शिक्षाले भविष्यमा दिने परिणामबारे चर्चा गरिएको छ । हल्टका अनुसार स्कूल सिकाइसँग मात्र हैन यो त देशको विकास र समृद्धिसँग जोडिएको हुन्छ । भविष्यमा हुने घटनाक्रमसँग जोडिएको हुन्छ । त्यसैले, स्कूलले फरक वर्ग, जाति, वर्ण, जुनसुकै पृष्ठभूमिका विद्यार्थीलाई पनि समान शिक्षा र व्यवहार प्रदान गर्नुपर्छ । उनले यस अध्यायमा काम, गरीबी र स्वतन्त्रताका कुरा पनि उठाएका छन् । कामको अभाव हुनुमा प्रविधिको विकासलाई उनले मुख्य कारक मानेका छन् । जति-जति प्रविधिको विकास हुँदै जान्छ, त्यति-त्यति मानिसहरू कामविहीन हुँदै जान्छन् । त्यसै गरी केटाकेटीलाई स्कूलमा दैनिक जीविकोपार्जन लगायत वास्तविक कामका बारेमा त्यति सिकाइँदैन भन्ने पनि उनले औंल्याएका छन् । खास गरी निम्न वर्गीय केटाकेटीको ध्यान आफ्नो परिवारको पेट पाल्ने र आफ्नो परिवारलाई कसरी मद्दत गर्ने भन्ने हुन्छ जसबारे स्कूलले केही सिकाउँदैन । समस्या एकतिर र शिक्षा अर्कोतिर भएका कारण गरीबी बढ्दै गएको र शिक्षाले समस्याको समाधान दिन नसकेको हल्टको निष्कर्ष छ ।

पुस्तकको दोस्रो खण्डमा चार ओटा अध्याय समावेश छन्, जसअन्तर्गत हल्टले स्कूलको भूमिका र व्यवस्थापनमा स्पष्ट मार्ग निर्देशनको कमी नै स्कूल असफल हुनुको मुख्य कारण रहेको जनाएका छन् । उनका अनुसार स्वतन्त्रता केटाकेटीको मौलिक हक हो तर स्कूलले ती अधिकार खोसिरहेको छ । "व्यवस्था र अव्यवस्था" अध्यायमा हल्टले

"येल अलुम्नाइ" म्यागजिनमा प्रकाशित भएका शिक्षकको अनुभवमाथि प्रतिक्रिया दिएका छन् । स्कूललाई व्यवस्थित ढंगले अगाडि बढाउन विभिन्न नीतिनियम बनाइएका हुन्छन्, जस अन्तर्गत केटाकेटीहरूलाई अनुशासनमा राख्न, तह लगाउन शिक्षक र प्रशासनले सजाय दिनुपर्छ भन्ने धारणा रहिआएको छ । यस्तो धारणालाई हल्ट मुर्खताको संज्ञा दिन्छन् र केटाकेटीलाई स्वतन्त्रता दिनुपर्ने साथै समझदारीपूर्ण व्यवहार देखाउनु पर्नेमा उनको जोड छ । "ब्ल्याकबोर्डको गडबड" अध्यायमा विद्यार्थी केही ज्ञान नभएका खाली डिब्बा हुन् र शिक्षकको काम भनेको ती डिब्बामा ज्ञान भरिदिने हो भन्ने सोचको हल्टले विरोध गरेका छन् । स्कूल र स्कूल व्यवस्थापनको काम नछुटिंदा हुने खतराबारे सचेत गराउन उनी जेम्स हर्नडनको पुस्तक *द वे इट सपोज्ड टु बी* बाट उदाहरण प्रस्तुत गर्छन्, जसमा शिक्षकले कक्षाकोठामा स्वतन्त्रता दिंदा प्रधानाध्यापकले हस्तक्षेप गरेको घटना छ । स्कूलले सिकाइ र ज्ञानलाई प्रमुख विषय नबनाई अनुशासनमा मात्र ध्यान दिंदा खतरा साबित हुने उनी तर्क गर्छन् । त्यसै गरी अर्को अध्याय "जेलमा केटाकेटी" मा उनले शहरी क्षेत्रका गरीब, सार्वजनिक विद्यालयहरूको दयनीय अवस्थालाई उल्लेख गर्दै तिनलाई जेलसँग तुलना गरेका छन् । यस खण्डको अन्तिम अध्यायमा हल्टले परिवर्तित समयमा कुनै पनि विषयको ज्ञान छिटोभन्दा छिटो पुरानो भइरहेको तर स्कूलले ती परिमार्जित र थप ज्ञानलाई पाठ्यक्रममा समावेश गर्न नसकेको तर्फ ध्यानाकर्षण गरेका छन् ।

पुस्तकको अन्तिम खण्डमा तीन ओटा लेख समावेश छन् : "शिक्षा, सिक्नु र गर्नु," "गर्ने स्कूल र पढाउने स्कूल" र अन्त्यमा, "एउटा राम्रो स्कूल" । यस खण्डमा जोन हल्टको सफल स्कूलको परिकल्पना पस्किएको छ । सिक्नु र गर्नु फरक हुन् त ? भन्ने प्रश्नमा हल्ट लेख्छन्—कुनै पनि कुरा गर्नु र अनुभव लिनु नै सिक्नु हो । कुनै विषयको अनुभवले नै बालबालिकालाई त्यसबारे नयाँ कुरा सिक्न मद्दत गर्छ । बच्चाहरूले गर्छन् तर सिक्दैनन् भन्ने कुरा फगत भ्रम हो । तर, उनको विचारमा, गर्ने स्कूल पढ्ने स्कूलको तुलनामा कठोर हुन्छ । हल्टले डेनमार्कको "नाइ लिलस्कोल" लाई एउटा राम्रो स्कूलको नमूना मानेका छन् । आवश्यक भौतिक पूर्वाधारको कमी र कुनै पाठ्यक्रम नभएको स्कूल कस्तो होला भन्ने जिज्ञासा यो स्कूलको व्याख्याले मेटाउँछ । यो ठाउँमा केटाकेटी स्वतन्त्र हुन्छन् । शिक्षकको काम केटाकेटीलाई नियन्त्रण गर्नु नभएर उनीहरूसँग छलफल गरी, उनीहरूलाई आवश्यक सामग्री उपलब्ध गराई उनीहरूका रुचि, चाहना, विचार, प्रतिभा र कुशलताको प्रस्फुटन तथा उपयोग गर्न सघाउनु हो । हल्टको विचारमा एउटा राम्रो स्कूलले आफ्नो विद्यार्थीलाई स्वतन्त्रता प्रदान गर्छ, जसले गर्दा बालबालिकाले आफै सिक्ने र अरूलाई सिकाउने वातावरणको सिर्जना गर्न सक्छन् ।

यो पुस्तक प्रकाशित भएको करिब ५० वर्ष पुगे पनि जोन हल्टले उठाएका विषयवस्तु र गरेका तर्क नेपाली परिवेशमा अझै सान्दर्भिक छन् । यसको अनुवादले पनि सकेसम्म

नेपाली परिवेशलाई छुन खोजेको छ । नेपालका स्कूलमा पनि केटाकेटीलाई अनगिन्ती र अनावश्यक नियमले दबाइन्छ । शिक्षा अझै पनि तथ्य-केन्द्रित र घोक्न प्रेरित छ । केटाकेटीको आफ्नै बुझाइ हुन्छ र उनीहरूको रुचिका विषय पढाउनु उचित हुन्छ भन्ने धारणाको कमी छ । विद्यार्थीको पढाइ र सिकाइ दुवैको मूल्यांकन परीक्षामा सीमित छ । शिक्षाको गुणस्तर परीक्षाको नतिजासँग दाजिन्छ र विद्यार्थीले जति धेरै अंक ल्याउन सक्यो त्यो स्कूल त्यति नै सफल हो भन्ने मान्यता नेपालमा छ । यसरी नेपाल पनि हल्टले चित्रण गरेको असफल स्कूलको अवस्थाबाट माथि उठ्न सकेको छैन ।

यो पुस्तक नेपाली शिक्षा क्षेत्रमा समय सान्दर्भिक हुँदाहुँदै पनि कतिपय सन्दर्भमा हाम्रो भौगोलिक र सांस्कृतिक परिवेशसँग मेल खाँदैन । नेपालका दुर्गम भेगमा अहिले पनि धेरै बालबालिका शिक्षाबाट वञ्चित छन् । विद्यालय निःशुल्क नभएको अवस्थामा गरीब केटाकेटीको शिक्षा कसरी अगाडि बढ्ला ? केटाकेटीको स्वतन्त्रता जोन हल्टको मूल मन्त्र नै हो, तर हाम्रा विद्यार्थीलाई आफ्नो रुचि अनुसारको विषय छनोट गर्न अझै पनि हम्मे छ । नेपाली परिवेशमा (घरपरिवार होस् या स्कूलमा) केटाकेटीलाई स्वतन्त्रता दिनु भनेको उनीहरूलाई कुलतप्रति प्रेरित गर्नु हो, त्यसैले केटाकेटीहरूलाई सकेसम्म आफ्नो नियन्त्रणभित्र राख्नुपर्छ भन्ने मान्यता प्रबल छ । हल्टले उठाएको जातिवाद पनि नेपालमा जटिल विषय रहेको छ । नेपालमा विभिन्न जात-जाति, धर्म, भाषाको विविधता भए पनि शिक्षामा निश्चित समुदायको पकड देखिन्छ । यो समस्यालाई सुधार्न केवल समानताले मात्र पुग्दैन, समग्र शैक्षिक दृष्टिकोणलाई नै परिवर्तन गर्न आवश्यक छ । त्यसै गरी हल्टले धेरै उल्लेख नगरेको तर नेपाली परिवेशमा (अन्यत्र पनि) जटिल भइरहेको समस्या भनेको शिक्षाको व्यापारीकरण हो, जसले शिक्षाको दायरालाई थप संकुचित बनाइरहेको छ । यसरी हल्टले परिकल्पना गरेको शिक्षा प्रणाली सिद्धान्तमा जति आकर्षक छ, व्यवहारमा त्यति नै कठीन पनि ।

यति हुँदाहुँदै पनि हल्टका लेखहरू शिक्षा क्षेत्रको आमूल परिवर्तनका लागि निकै महत्त्वपूर्ण छन् । भोलिका दिनमा आइपर्ने समस्याको समाधान होस् या समृद्ध समाज निर्माणको जिम्मेवारी, सबै वर्तमान शिक्षाले निर्धारण गर्छ । त्यसैले, भौतिक संरचना, नियमपालन तथा तालिममा मात्र केन्द्रित नभई केटाकेटीका धारणा र विचार, उनीहरूको सहभागिता र स्वतन्त्रतालाई विद्यालयले सिकाउने र सिक्ने प्रक्रियाको केन्द्रमा राख्न सकेमा हाम्रो शिक्षा प्रणाली पनि सफल हुने विश्वास गर्न सकिन्छ ।

**एलिना छन्तेल**
त्रिभुवन विश्वविद्यालय